## कार्यपालिका बैठक - ३

### प्रस्ताव/निर्णयहरु:-

**प्रस्ताव नं. १**- गत बैठकका निर्णय कार्यान्वयनको समिक्षा सम्वन्धमा ।

**निर्णय नं. १**- अघिल्ला कार्यपालिका बैठकहरुबाट निर्णय भइ कार्यान्वयन बाँकी रहेका विषयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २**- पदपूर्ति सम्वन्धमा ।

**निर्णय नं. २**- विजयनगर गाउँपालिका वडा नं. १, हनुमाननगर बस्ने रवि कुमार चौधरीलाई यस गाउँपालिका अन्तर्गतको गुगौली स्वास्थ्य चौकीको कार्यालय सहयोगी पदमा कामकाज गर्न मिति २०७८ असोज १ देखि लागु हुने गरी ज्यालादारी सम्झौता गरी कामकाजमा खटाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३**- जस्ता पाता खरिद सम्वन्धमा ।

**निर्णय नं. ३**- प्राविधिक लागत अनुमानका आधारमा आ.व. २०७८।७९ को लागि खरको छाना विस्थापित शिर्षकमा विनियोजित रकमबाट रु. २० (विस) लाख र थप अन्य उपयुक्त शिर्षकबाट रु. २५ (पच्चिस) लाख रकमान्तर गरी जम्मा रु. ४५ (पैंतालिस) लाख रकमको जस्तापाता खरिदका लागि टेण्डर आव्हान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४**- स्थानीय दररेट विश्लेषण सम्वन्धमा ।

**निर्णय नं. ४**- यस गाउँपालिकाबाट स्वीकृत दर रेटलाई आधार मानि आ.व. २०७८।०७९ को निर्माण कार्यको लागि प्राविधिक शाखाबाट पेश दररेट विश्लेषण (Rate Analysis) आवश्यक संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५**- लघु उद्यम विकास कार्यक्रम सम्वन्धमा ।

**निर्णय नं. ५**- यस गाउँपालिकामा सञ्चालन हुने लघु उद्यम विकास कार्यक्रम गाउँपालिका अन्तर्गतका वडा नं. २, ३ र ५ मा सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६**- कार्यविधि तथा मापदण्ड स्वीकृत सम्वन्धमा ।

**निर्णय नं. ६**- यस गाउँपालिकामा सञ्चालन हुने कृषि विकाससँग सम्वन्धित कार्यक्रमलाई थप व्यवस्थित गर्न आवश्यक देहायका कार्यविधि तथा मापदण्डहरु स्वीकृतिका कार्यपालिका बैठकमा पेश हुन आएकोमा आवश्यक परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।

**देहाय:**

१. छोरी पढाऔं छोरी बचाऔं अभियान सञ्चालन निर्देशिका, २०७८
२. कृषक समूह गठन तथा परिचालन कार्यविधि, २०७८
३. कृषि प्रसार निर्देशिका, २०७८
४. विजयनगर गाउँपालिका स्तरीय कृषक समूह सञ्जाल गठन तथा सञ्चालन कार्यविधि, २०७८

**प्रस्ताव नं. ७**- DPR तयार गर्ने सम्बन्धमा ।

**निर्णय नं. ७**- यस गाउँपालिका अन्तर्गतका तपसिल बमोजिमका योजना/कार्यक्रमहरुको DPR तयारी गर्ने निर्णय गरियो ।

**तपसिल:**

१. वडा नं. ६ हुलाकी सडकदेखि खजहनी छुटपाटी सडक खण्ड,
२. वडा नं. ६ को भाठा र छुटपाटी क्षेत्रमा पर्ने चिरई खोलामा तटवन्ध,
३. वडा नं. ७, मधुनगर स्थित धर्मशाला निर्माण ।

४१

**प्रस्ताव नं. ८-** रकम उपलब्ध गराउने सम्वन्धमा ।

**निर्णय नं. ८-** निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**तपसिल:-**

| क्र.सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अनंतराम केवट | विजयनगर-३, डगडई | औषधोपचार | रु. १०,०००।- ( दश हजार मात्र) | विपन्न नागरिक उपचार उद्धार तथा सहयोग कार्यक्रम | |
| २ | अभिषेक चौधरी थारु | विजयनगर-४, जोलाही | | रु. २०,०००।- ( विस हजार मात्र) | | |
| ३ | कलिमुन निशा मियाँ | विजयनगर-२, महुवादुधार | दैनिक निर्वाह खाद्यान्न खरिद (राहत) खर्च | रु. ५,०००।- ( पाँच हजार मात्र) | | |
| ४ | शिव प्रसाद कोरी | विजयनगर-५, वधमरवा | | रु. ५,०००।- ( पाँच हजार मात्र) | | |
| ५ | सुनगाभा आमा समूह | विजयनगर-४, जुलाही | हरितालिका पर्व (तीज) को अवसरमा दरखाने कार्यक्रम संचालन | रु. ३०,०००।- (तीस हजार मात्र) | डेलिकेशन, मेला महोत्सव चाड पर्व शिर्षक | |
| ६ | शिव मन्दिर रंगरोगन, वाउण्ड्री वाल तथा गेट निर्माणका साथै बाटोको स्तरोन्नती | विजयनगर-१, जवावैराठ | मन्दिर रंगरोगन, वाउण्ड्री वाल तथा गेट निर्माण संगै बाटो स्तरोन्नती | रु. १,५०,०००।- (एक लाख पचास हजार मात्र) | मागमा आधारित साना पूर्वाधार कार्यक्रम | |
| ७ | जय महाकाल युवा क्लव | विजयनगर-५, वधमरवा | खेलकुद सामाग्री खरिद | रु. ३०,०००।- (तीस हजार मात्र) | खेलकुद सहयोग कार्यक्रम | |
| ८ | महदैया खेल मैदान मर्मत | विजयनगर-३, महदैया | खेलमैदान मर्मत | रु. १ (एक) लाख मात्र । | खेलमैदान निर्माण कार्यक्रम | |
| ९ | छमछमी कला केन्द्र | शिवराज-५, चन्द्रौटा कपिलवस्तु | नेपाल भारत मैत्रीपूर्ण नृत्य प्रतियोगिता सञ्चालन | रु. ५०,००० (पचास हजार मात्र ) | डेलिकेशन, मेला महोत्सव चाड पर्व शिर्षक | |
| १० | तारा माध्यमिक विद्यालय | विजयनगर-२, मगरघट्टा | भवन मर्मत | प्राविधिक लागत अनुमान अनुसार | मागमा आधारित साना पूर्वाधार कार्यक्रम | |
| ११ | जिल्ला प्रहरी कार्यालय कपिलवस्तु | तौलिहवा, कपिलवस्तु | विद्युतिय सामाग्रि खरिद | खरिद लागत अनुसार | मेसनरी तथा औजार खरिद शिर्षक | |